नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहर भवन, ललितपुर

फ्याक्स: ०१५५२६६०३
फोन: ०१५५२२०५६
:०१५५२१६१०
e-mail:dgdlsa ntc.net.np
website:www.dls.gov.np

प.सं:०७७/७८
च.नं: ४५

मिति: २०७७।०७।०५

श्री पशु क्वारेन्टाइन कार्यालय,काठमाण्डौं
श्री पशु क्वारेन्टाइन कार्यालय,गड्डाचौकी
श्री पशु क्वारेन्टाइन कार्यालय,काकड्भिट्टा
श्री पशु क्वारेन्टाइन कार्यालय,विराटनगर
श्री पशु क्वारेन्टाइन कार्यालय,नेपालगंज
श्री पशु क्वारेन्टाइन कार्यालय,जनकपुर
श्री पशु क्वारेन्टाइन कार्यालय,विरगन्ज
श्री पशु क्वारेन्टाइन कार्यालय,भैरहवा

**विषय: सर्वोच्च अदालत आदेश पठाईएको सम्वन्धमा।**

प्रस्तुत विषयमा मिति २०७७।०६।२८ गते सर्वोच्च अदालतवाट जारी आदेश यसै पत्रसाथ संलग्न गरी पठाएको व्यवहोरा जानकारी गरिन्छ ।

..............................
डा वेधी शर्मा
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर, नेपाल

Scanned with CamScanner

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

आदेश

०७७-WO-०२७९

मुद्दा: उत्प्रेषण।

परवेज मियासमेत ----------------------------------------------------------निवेदक

विरुद्ध

पशु सेवा विभाग, हरिहरभवन, ललितपुरसमेत ---------------------------------विपक्षी

निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री विकास भट्टराई र श्री भद्रप्रसाद नेपाल (स्वागत नेपाल) ले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाइ सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू।

अन्तरिम आदेशको माग गरेको सन्दर्भमा विचार गर्दा, अन्तरिम आदेश जारी गर्ने वा नगर्ने सम्बन्धमा दुवै पक्षसँग छलफल गरी टुंगो लगाउन उपयुक्त हुने हुँदा मिति २०७७।०७।२० गते विपक्षीलाई अन्तरिम आदेशको छलफलको निम्ति झिकाउनू र छलफलबाट टुङ्गो नलागेसम्म पशु सेवा विभागको मिति २०७७।०५।१२ को निर्णय कार्यान्वयन नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (२) को देहाय (ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार गरी पेस गर्नू।

न्यायाधीश

इति सम्वत् २०७७ आश्विन २८ गते रोज ४ शुभम् ........................................।

Scanned with CamScanner